# प्राकृतिक प्रकोप व्यवस्थापनमा नागरिक समाजको भूमिका

## पृष्ठभूमि

वैशाख १२ गते गएको विनाशकारी भूकम्प तथा त्यसपछिका परकम्पका कारण ८ हजारभन्दा बढीको मृत्यु भएको छ भने २२ हजारभन्दा बढी घाइते भएका छन् । ५ लाख बढी भौतिक संरचनाहरूमा पूर्ण क्षति र २ लाख ७० हजारमा आंशिक क्षति भएको छ । भूकम्पले १४ जिल्लामा अति प्रभाव पारेको छ । विभिन्न जिल्लाका गरी ७ हजार ८ सय विद्यालयहरूमा क्षति पुग्दा शैक्षिक कार्यक्रममा असर परेको छ । १ हजार बढी स्वास्थ्य संस्थाहरूमा क्षति हुँदा स्वास्थ्य सेवा प्रभावित भएको छ । ऐतिहासिक धरोहर, सरकारी भवन, मठमन्दिर, जेलका भवनहरूमा पनि भूकम्पले क्षति पुऱ्याएको छ । अति प्रभावित १४ जिल्लामा भूकम्पले अर्बौं रकम बराबरको खाद्यान्न र पशुपङ्क्षिको क्षति भएको छ । भूकम्पको परकम्पका कारण जनजीवन सामान्यतिर फर्कन सकिरहेको छैन । एक महिनाको यस अवधिमा उद्धारका कामहरू प्रायः सकिएको अवस्था छ । लगभग ३ सय जनाको अवस्था अझै अज्ञात रहेको छ भने केही मृतकहरूको सनाखत हुन सकेको छैन ।




यस्तो प्राकृतिक विपत्का बेला आधारभूत मानवअधिकार हनन् हुने जोखिम बढी हुने गर्दछ । राज्यले तुरुन्तै मानवीय सहायता प्रदान गर्नुका साथसाथै मानवअधिकार संरक्षण गर्नुपर्ने दायित्व पनि निर्वाह गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा मानवअधिकार ठूला महासन्धिमध्ये पनि प्रमुख चार- नागरिक तथा राजनीतिक अधिकार महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार महासन्धि, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव र बालअधिकारसम्बन्धी महासन्धिहरूद्वारा प्रत्याभूत अधिकार संरक्षित हुनु पर्दछ । यसकारण यस प्राकृतिक विपत्मा इन्सेक विभिन्न क्रियाकलापमार्फत् राज्यका निकायलाई आफ्नो दायित्व निर्वाह गराउनका लागि सहयोग गर्दै आएको छ ।

वैशाख १२ गतेको भूकम्पपछिको अति प्रभावित १४ जिल्लामा विशेष ध्यान दिई सबै जिल्लाहरूको अवस्था इन्सेकले अनुगमन गरिरहेको छ । इन्सेक प्रतिनिधिहरूले भूकम्पले पारेको क्षति र राहत वितरणबारे नियमितरूपमा समाचार सम्प्रेषण गरिरहेका छन् । यी जानकारीहरू इन्सेकको वेबसाइट www.inseconline.org मा नियमित आवधिक गर्ने गरिएको छ भने यसैको आधारमा दैनिक विश्लेषणात्मक रिपोर्ट पनि प्रकाशन गरिएको छ [1]। यसका साथै सरोकारवालाहरूलाई सुझावसहित प्रेस वक्तव्यको रूपमा विश्लेषणहरू पनि जारी गर्ने गरिएको छ ।[2]

## उद्धार कार्य

उद्धार कार्यमा नेपाली सेना र सशस्त्र प्रहरीको सार्थक भूमिका रह्यो ।[3] सिन्धुपाल्चोक जिल्लामा भूकम्प गएको २० मिनेटभित्रै सेना उद्धारका लागि घटनास्थलमा पुगिसकेको थियो । पीडितहरूलाई तत्काल राहतका लागि जिल्लास्थित प्राकृतिक प्रकोप उद्धार समितिले प्रतिपरिवार दुई हजार रुपियाँ उपलब्ध गराएर तत्कालको गर्जो टार्न सहयोग पुऱ्याएको

---

१ (http://www.inseconline.org/dailyreport.php)

२ (http://www.insec.org.np/index.php?type=press) भूकम्पपछिको अवस्थाको बारे यथार्थ जानकारी लिनका लागि र इन्सेकले गर्न सक्ने सहयोगको बारेमा अति प्रभावित जिल्लाका प्रतिनिधिहरूबीच एक दिने छलफल आयोजना गरेको थियो । इन्सेकले जिल्ला प्रतिनिधिमार्फत प्राप्त गरेका तथ्य, अनुभव, सुझाव, कार्ययोजनालाई मानवअधिकार समुदायबीच छलफलका लागि अवधारणा-पत्रका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

३ वैशाख १३ गते धुलिखेलमा आयोजित इन्सेक प्रतिनिधि भेलामा सिन्धुपाल्चोक, रामेछाप र दोलखा प्रतिनिधिले जेठ १३ गते आयोजित भेलामा प्रस्तुत गरेको प्रतिवेदनअनुसार ।

थियो ।[४] नेपाली सेनाले क्याम्पभित्रै औषधी उपचारको व्यवस्था गरेबाट घाइते पीडितलाई थप मद्दत पुगेको थियो । उद्धार कार्यमा अन्य मुलुकका सेना र प्राविधिकहरूको भूकम्प प्रभावित जिल्लाहरूमा गरेको सहयोग पनि उल्लेख्य रह्यो ।

### सङ्कटग्रस्त जिल्लामा भएका मृत्यु र घाइते सङ्ख्या




## राहत वितरण

विभिन्न जिल्लाबाट इन्सेकमा प्राप्त जानकारीअनुसार भूकम्पको केही हप्तासम्म राहत वितरण सुगम स्थानहरू र बाटोको सुविधा भएका ठाउँहरूमा मात्र केन्द्रित रहेको थियो ।[५] राहत वितरण समानुपातिक नभएको र आवश्यकताअनुसार नभएको पाइयो । दुर्गम भेगका भूकम्प पीडितहरूले पर्याप्त राहत नपाएको र केही स्थानमा कुनै राहत नपुगेको जानकारी इन्सेक प्रतिनिधिले दिएका छन् । स्थानीय राजनीतिक दलहरूले राहत वितरण आफ्ना क्षेत्रहरूमा केन्द्रित गर्दा राहत वितरणमा राजनीतिकरण भएको पाइएको छ । यस्तो प्रवृत्ति गोरखामा देखियो । गोरखाका सुगम स्थानहरूमा आवश्यकताभन्दा बढी राहत पुगेको पाइयो भने सिन्धुपाल्चोक, धादिङ, दोलखा, काभ्रे, रामेछाप र गोरखाका विकट वस्तीमा हप्ता दिनसम्म पनि राहत सामग्री पुग्न सकेको थिएन ।

स्थानीय प्रशासनको जानकारीबेगर राहत वितरण गरिएका जिल्लामा यस्ता समस्या देखिएका थिए । अझ गैरसरकारी क्षेत्रबाट वितरित राहत सुगम स्थानमा वितरण गर्ने र प्रचारमुखी रहेको पाइयो । आवश्यकताअनुरूप राहत सामग्री उपलब्ध नहुँदा समुचित उपयोग हुन नसकी खेर गएको पनि पाइयो । तत्कालीन समयमा त्रिपालको आवश्यकता बढी थियो भने उपलब्धता कम रहेको इन्सेक प्रतिनिधिको अनुगमनको क्रममा पाइयो ।

## प्राकृतिक प्रकोप व्यवस्थापनको तयारी र सक्षमता

भूकम्पबाट अत्यन्त जोखिमयुक्त मुलुकमध्ये नेपाल ११ औं स्थानमा[६] रहेको सर्वविदित भए पनि जोखिम न्यूनिकरणका लागि सरकार र नागरिकस्तरको तयारी कम रहेको यसपटकको भूकम्प र त्यसबाट सिर्जित समस्याको समाधानका क्रममा देखियो । उद्धार कार्यमा तालिम प्राप्त सेना र सशस्त्र प्रहरीको सङ्ख्या न्यून रहनु, आवश्यक साधनहरू उपलब्ध गराउन पूर्वतयारी रहेको पाइएन । गैरसरकारी क्षेत्रबाट दिइएका तालिमबाट भ्रम सृजना भई आमनागरिकले ज्यान गुमाउनु परेका घटनाहरू पनि सार्वजनिक भए ।[७]

---

४ ललितपुर प्रतिनिधि रमेशप्रसाद तिमल्सिनाले ललितपुर जिल्लामा गरेको स्थलगत अनुगमनका क्रममा प्राप्त तथ्यका आधारमा धुलिखेलमा आयोजित कार्यक्रममा प्रस्तुत प्रतिवेदनका आधारमा ।

५ http://www.inseconline.org/index.php?type=news&id=49655&lang=np

६ http://www.nrcs.org/program/earthquake-preparedness-safer-communities

७ बनेपा नगारपालिका-८ का रितेश प्रधान वैशाख १२ गतेको भूकम्पका समयमा घर बाहिर खेलिरहेका थिए । विद्यालयमा दिइएको भूकम्प सुरक्षासम्बन्धी तालिमको अनुसरण गर्दै भूकम्पबाट जोगिन खाटमुनि लुक्न गए । माटोले जोडेर बनाइएको घरले भूकम्प थेगेन, उनी पुरिए । उद्धार गरी अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

## भूकम्पबाट सिर्जित मूल समस्या तथा जोखिम

**(क) अतिप्रभावित क्षेत्रका विस्थापित**

आवास अधिकारलाई अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजले प्राथमिकतासाथ उठाएका छन् । मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्रको धारा २५ मा आवासको अधिकारलाई प्राथमिकता दिइएको छ ।

सिन्धुपाल्चोक, रसुवा, गोरखाका केही क्षेत्रहरूमा भूकम्पपश्चात् गएको पहिरोका कारण पूरै गाउँ विस्थापित भएको छ । वर्षौंदेखि बस्दै आएको थातथलोबाट यी भूकम्पपीडितहरूलाई स्थानान्तरण गर्नुपर्ने आवश्यकता देखिएको छ ।[८] जिल्लास्थित दैवी प्रकोप राहत तथा उद्धार कोषले भूकम्पका कारण स्थानान्तरण गर्नुपर्ने अवस्थाका बस्तीहरूको सूची बुझाइसकेको छ । भूकम्पका कारण बेपत्ता भएका करिब तीन सय व्यक्तिहरूको अवस्थाकाबारेमा सरकारलाई हालसम्म केही थाहा हुन सकेको छैन ।[९]

### सङ्कटग्रस्त जिल्लामा भएका सरकारी भवन (पूर्ण क्षति/आंशिक क्षति) सङ्ख्या




**(ख) पुनर्स्थापना र पुनर्वास**

गोरखा, रसुवा, सिन्धुपाल्चोक, धादिङ, दोलखा र मकवानपुर जिल्लाका केही स्थानमा भूकम्पपश्चात् जमिनमा चिराहरू देखिएका कारण यहाँका जनताले आफूलाई सुरक्षित स्थानमा सार्न आग्रह गरेका छन् ।[१०] अबको एक दुई हप्तामा सुरु हुने मनसुन र वर्षाले बाढी पहिरो जाने समस्यालाई मध्यनजर गर्दै स्थानान्तरणको व्यवस्था मिलाउनु जरुरी छ ।

**(ग) बेरोजगारी**

भूकम्प प्रभावित क्षेत्रका उद्योग, पर्यटन, कृषि र व्यापारमा रहेका जनशक्तिलाई वैकल्पिक र तत्कालीन रोजगारको आवश्यकता देखिएको छ ।

**(घ) मनोसामाजिक समस्या**

राजधानीका अस्पतालहरूमा भूकम्पका त्रासका कारण मानसिक रोगी बढ्दै गएको सूचनाहरू प्राप्त भइरहेका छन् । भूकम्पका कारण सिर्जित समस्याका कारण भएका आत्महत्याका घटनाहरू पनि अभिलेख भइरहेका छन् ।[११]

**(ङ) मनसुनपछिका सम्भावित खतरा**

ICIMOD लगायत जलवायु क्षेत्रमा क्रियाशील संस्थाहरूका प्रतिवेदनअनुसार मनसुन आरम्भ भएपछि भूकम्पग्रसित क्षेत्रमा पहिरो र बाढीको जोखिम बढ्नुका साथै हिमतालसमेत फुट्न सक्ने खतराप्रति समयमै सतर्कता अपनाउनुपर्ने देखिएको छ ।

---

८ http://www.inseconline.org/index.php?type=news&id=49783&lang=np

९ http://www.inseconline.org/index.php?type=news&id=49671&lang=np

१० http://www.inseconline.org/index.php?type=news&id=49655&lang=np

११ काभ्रे जिल्लामा भूकम्पपछिको त्रासले सतीदेवी उच्च माविका प्राचार्य ६१ वर्षीय इन्द्रबहादुर गेलालले आत्महत्या गरे । भूकम्पका कारण उनको घर भत्किएपछि अब बाँचेर काम छैन भन्दै उनी हिँड्ने गरेका थिए । वैशाख १२ गतेको भूकम्पपछि काभ्रे जिल्लामा सात जनाले आत्महत्या गरेको अभिलेख इन्सेक काभ्रे प्रतिनिधिले राखेका छन् । आत्महत्या गर्नुको कारण भूकम्प नै भए नभएको खुलेको छैन ।

**सङ्कटग्रस्त जिल्लामा भएका सर्वसाधारणको घर (पूर्ण क्षति/आंशिक क्षति) सङ्ख्या**




## केही अनुकरणीय अभ्यासहरू

भूकम्पपश्चात् प्रमुख जिल्ला अधिकारी तथा अन्य सरकारी कर्मचारीहरूको दक्षताका कारण केही जिल्लाहरूमा उद्धार तथा राहतका लागि अनुकरणीय अभ्यास भएको पाइयो । भूकम्पमा ज्यान गुमाउनेहरूका परिवारलाई सरकारले उपलब्ध गराएको किरिया खर्च लिनका लागि सिन्धुपाल्चोक र मकवानपुर जिल्लामा सहज प्रक्रिया अपनाइएको थियो । पाँच जना स्थानीय बासिन्दा र प्रहरीको रोहबरमा मुचुल्का खडा गरेपछि ती जिल्लाहरूमा ४० हजार रुपियाँ तत्कालै उपलब्ध गराइएको थियो तर, अन्य जिल्लाहरूमा यस्तो राहत लिन भूकम्पबाट मृत्यु भएको भनी मृत्यु दर्ता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने नियम स्थानीय प्रशासनले लागु गरेको थियो ।[१२]गाविस सचिवहरू अनुपस्थित भएका कारण मृत्यु दर्ता प्रमाणपत्र प्राप्त गर्न कठिनाइ भइरहेको अवस्थामा सिन्धुपाल्चोक र मकवानपुरमा अपनाइएको प्रणाली समयानुकूल रहेको छ ।

मकवानपुर तथा सिन्धुली जिल्लामा गाविस तहमा रहेका प्राकृतिक प्रकोप उद्धार समितिले गरेको राहत वितरण प्रभावकारी रहेको पाइयो । सरकारका स्थानीय सरोकारवाला र स्थानीय पत्रकार, अधिकारकर्मीसमेतको उपस्थितिमा भएका कारण राहत वितरण पारदर्शी र सुगम हुन सकेको पाइयो । भूकम्पबाट बिग्रिएका संरचना मर्मत तथा निर्माण आरम्भ गरेर रोजगार सिर्जना गरेको उदाहरण अन्य जिल्लाका लागि पनि उपयोगी हुने देखिन्छ ।

## पारदर्शिता

### *सरकार*

राहत वितरणमा सरकारले पारदर्शिता अपनाउने प्रयास गरेको छ ।[१३] भूकम्पपश्चात् नेपाल सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्न सार्वजनिक अपिल गरेको थियो । यस कोषमा कहाँबाट कसले कति सहयोग गर्‍यो भन्ने जानकारी वेबसाइटमार्फत सार्वजनिक गर्ने गरिएको छ । तर, ती कार्य आफैँमा पूर्ण छैनन् । कुन सामग्री कति मूल्यमा खरिद भयो, कोमार्फत कसरी वितरण गरियो भन्ने स्पष्ट नपारुञ्जेल पारदर्शिता अपनाएको भन्ने अवस्था रहन्न ।

### *राजनीतिक दलहरू*

सुरुका दिनमा भूकम्प प्रभावित क्षेत्रमा राजनीतिक दल, तिनका भातृ सङ्गठनका कार्यकर्ताको उपस्थिति निराशाजनक पाइयो । राजनीतिक दलहरूले कोषका लागि अर्थ सङ्कलन गरिरहेका छन् ।[१४] त्यो कुन प्रयोजनका लागि को मार्फत, कसरी उपयोग गर्ने भन्ने विषयमा भने उनीहरूले सार्वजनिक गर्ने गरेका छैनन् । राज्यलाई जवाफदेही र उत्तरदायी बनाउन त्यस्ता रकम राज्यको कोषमा जम्मा गर्नु दलहरूको कर्तव्य हुनेछ ।

---

१२ ललितपुर जिल्ला प्रशासन कार्यालयले मृतकका परिवारलाई दिने भनिएको किरिया खर्चका लागि पोष्टमार्टम प्रतिवेदन र मुचुल्का अनिवार्य गर्नाले समयमै किरिया खर्च पाएनन् ।

१३ http://opmcm.gov.np/en/

१४ http://aajakokhabar.com/newsDetails.php?nid=14203

दलका नेताहरूले एक पटकमा पचासौं लाखका राहतसामग्री वितरण गरेको समाचार सार्वजनिक भइरहेका छन् । त्यो दलको सङ्कलित कोषको रकम हो वा निजी हो वा अन्य चन्दादाताबाट प्राप्त गरेर वितरण गरेको हो, त्यो सार्वजनिक हुनुपर्दछ ।

*अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू*

भूकम्प प्रभावित जिल्लाहरूमा कार्यथलो बनाएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू भूकम्प पीडितहरूको राहत तथा पुनर्स्थापनाका लागि सक्रिय रहेको पाइयो । भूकम्पपछिको पुनःनिर्माण तथा पुनर्स्थापनाका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सञ्चालन गर्ने कार्य सरकारसँगको साझेदारीमा गर्न लगाउने र अनुगमनको जिम्मा स्थानीय सरोकारवालाहरूमार्फत गर्न लगाउनुपर्छ ।

*व्यापारिक घराना तथा अन्य सङ्घसंस्थाको नियमन*

विभिन्न व्यापारिक घराना तथा संस्थाहरूले हजारौँ घर निर्माण गरिदिने भनेर सार्वजनिक घोषणा गरेका छन् । यसैगरी गैरआवासीय नेपालीहरूको सङ्गठनले पनि घोषणा गरेको छ । उनीहरूबाट घोषित घरका निमित्त आवश्यक पर्ने प्राविधिक योग्यता, भूउपयोग, वस्ती विकासलगायतका समग्र ढाँचा गरी दाता सम्मिलित अनुगमन प्रणाली र संरचना तयार गरेर पुनर्स्थापनाको काम अविलम्ब थाल्नुपर्छ ।

## विधिको शासन र जवाफदेहीपना

मापदण्डविपरीत निर्माण गर्ने/गराउनेलाई कारबाही हुनुपर्ने प्रक्रिया अवलम्बन गराउन सर्वोच्च अदालतमा परेको रीट निवेदनमा सुनुवाइ भई आदेश भइसकेको छ । सरकारले उक्त विषयमा आयोग गठन गरी कानुनी कारबाही अघि बढाउने लिखित जवाफ सर्वोच्च अदालतलाई पठाएको छ । जनता सरकारबाट अविलम्ब सम्पादनको अपेक्षामा छन् ।

## नागरिक संवाद र सूचना

सङ्कटको बेलामा नागरिकले राज्यबाट ढाडस र सरोकारको अपेक्षा राखेको हुन्छ । तर सरकारले जनतालाई तारन्तार सम्बोधन गर्ने र पलपलको आफ्नो भनाइ अद्यावधिक गर्न सकेन ।

## सार्वजनिक निकाय

जनताको दैनिकीमा सघाउने केही निकाय जस्तैः नेपाल टेलिकम, आयल निगम, रेडियो नेपाल, नेपाल टेलिभिजनले प्रशंसनीय तवरले काम गरे । सडक र पुलहरूमध्ये राष्ट्रिय सडक सुचारु रह्यो । तर दुर्गम ठाउँका विद्युत, सडक, पुल, इन्टरनेट र फोन अझै पनि भरपर्दा छैनन् । जनता अन्धकार अथवा लामो लोडसेडिङ खप्न बाध्य छन् ।

## तत्काल नियमबद्ध गर्नुपर्ने विषयहरूः

***भूकम्पले नष्ट गरेका सम्पूर्ण क्षेत्रको पुनःनिर्माण राज्यको एकल बुताबाट मात्र सम्भव छैन । भूकम्पका कारणबाट भएका नोक्सानीपछि कतिपय क्षेत्रमा गर्नुपर्ने सुधार र विकासका बारेमा चेतना र अनुभव बढेको छ । र, यो बेलामा सरकारले नयाँ, छरितो योजना र जवाफदेही कार्यशैली निर्माण गर्न सक्नुपर्छ । मानवअधिकारको सर्वमान्य सिद्धान्तअनुसार प्रत्येक व्यक्तिको बाँच्न पाउने अधिकारको रक्षा राज्यले प्रत्याभूत गर्न सक्नुपर्छ । यसका लागि सरकारद्वारा प्रदान गरिने राहत, पुनःनिर्माण तथा पुनर्स्थापनाको कार्यलाई मानवअधिकारमैत्री बनाउन अवलम्बन गर्नुपर्ने सबै प्रक्रिया, कार्ययोजना र विधि तत्काल लागु गर्न आवश्यक हुन्छ । यसका लागिः***

**(क) आवास र बस्ती विकास राज्यको कानुनी अग्राधिकारभित्र पर्ने गरी कानुन निर्माण गर्ने ।**

**(ख) भौगर्भिक र प्राकृतिक विपत्तिजन्य विषयमा भएका अध्ययनहरूलाई समायोजन गरी प्रस्तावित कानुन पारित गर्ने । यस विषयमा निरन्तर अनुगमन गरी परिमार्जन, सहयोग र समन्वय गर्न प्रभावकारी कानुनी संरचनाको निर्माण गर्ने । राहत र पुनर्स्थापनाका काममा अन्यौल हुने गरी बहुकेन्द्र र परस्पर बाझिने कुराको निदान कानुनद्वारा नै सुनिश्चित गर्ने ।**

**(ग) पुनर्स्थापना र पुनःनिर्माणको काममा स्वदेशी तथा विदेशी व्यक्ति तथा संस्थाहरूसँग साझेदारी गर्न पारदर्शी, सहभागितामूलक, सरल कार्यविधिको निर्माण गर्ने । सम्पूर्ण क्रियाकलाप, लेखापरीक्षण र प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने काममा स्थानीय सरकार, दाता, भूकम्पपीडित र नागरिक समाजको अर्थपूर्ण संलग्नता रहने कुरा सुनिश्चित गर्ने ।**

**(घ) प्राकृतिक विपत्तिका बारेमा आमजानकारी र संचेतना बढाउन शिक्षा, सञ्चारमाध्यमलगायत सार्वजनिक क्षेत्रका विविध फाँटलाई क्रियाशील बनाउने ।**

**(ङ) प्राकृतिक प्रकोपको समयमा राहत र उद्धार कार्यमा संलग्न हुनुपर्ने कर्मचारी, सुरक्षा निकाय र स्वयम्सेवकहरूको आवश्यकताको पहिचान गरी उदारतापूर्वक उनीहरूको आवश्यकता परिपूर्ति गर्ने ।**

**(च) अस्पताल, स्वास्थ्यचौकी र स्कूलका स्वास्थ्यकर्मी/शिक्षकहरूलाई प्राकृतिक विपत्तिका कारण पर्न सक्ने मनोवैज्ञानिक त्रासका बेलामा गर्नुपर्ने विमर्श र उपचारका विषयमा आवश्यक तालिम दिने ।**

**(छ) महिला, सुत्केरी, गर्भवती, शारीरिक अपाङ्गता भएका, बालबालिका र वरिष्ठ नागरिकहरूको विशिष्ट आवश्यकताको पहिचान गरी पूर्वतयारीको अवस्थामा रहने ।**

**(ज) मानवअधिकारसम्बन्धी राज्यका तमाम संस्थाहरूलाई परिचालित गरी राहत, पुनर्स्थापन र पुन:निर्माणका काममा राज्यले निर्वाह गर्नुपर्ने कानुनी दायित्व पूरा गर्न आवश्यक सहयोग लिने ।**

**(झ) वैदेशिक सहयोगको उपयोग गर्दा योजनाकालपश्चात् यसको रेखदेख र सम्भार गरी परियोजना सुचारु गर्न राष्ट्रिय क्षमतासमेत विकास हुने प्रक्रिया अवलम्बन गर्ने ।**

**(ञ) सरकारद्वारा सार्वजनिक अपील गरी स्वदेश तथा विदेशमा रहेका विषय विज्ञ, दक्ष नेपालीलाई पुन:निर्माण, व्यवस्थापनको काममा संलग्न गराउने ।**

**(ट) विगतमा भएका सबै प्रकारका कमीकमजोरीको पहिचान गरी त्यसको कानुनी, संरचनागत र व्यवस्थापकीय सुधार गर्न तत्कालै कार्यदल निर्माण गरी कार्यारम्भ गर्ने ।**

**(ठ) उद्योगहरूको पुनर्स्थापनाका लागि वित्तीय एवम् प्राविधिक सहयोग जुटाउने ।**

**(ड) वर्षातको समयमा भूकम्पकीय दुष्प्रभावसमेत थपिने हुँदा त्यसको पूर्व तयारी गर्ने ।**

**(ढ) राज्य र जनताबीच जीवन्त सञ्चार र नागरिक संवाद स्थापना हुने गरी सार्वजनिक सञ्चार माध्यममार्फत र सरकारी पदाधिकारीहरूको जनतासँगको प्रत्यक्ष सम्पर्क बढाउने ।**

**(ण) नागरिक मञ्च, गैरसरकारी संस्था र शैक्षिक निकायहरूसँग सरकारी प्रशासनको संवादलाई नियमित बनाउने ।**

**(त) कृषकका लागि हाते औजार, मल, बीउ र भण्डारणको स्थानीय सीप एवम् प्रविधि उपलब्ध गराउने । कृषकको पशुधन, बाली र भण्डारण क्षमतामा आएको नोक्सानीको मूल्याङ्कन गरी राहत दिने ।**

## सुझाव

**तत्कालै सम्पादन गर्नुपर्ने कार्यहरू**

१. सोलुखुम्बु जिल्लाका ७५ प्रतिशत घर पूर्णरूपमा क्षति भएको र १५ प्रतिशत घर आंशिक क्षति भएको प्रमुख जिल्ला अधिकारी झंकनाथ ढकालले बताएका छन् । जिल्लालाई सङ्कटग्रस्त जिल्ला घोषणा गर्न केन्द्रमा सिफारिस गरेको बताए । दैवी प्रकोप उद्धार समितिका अनुसार इलाका नं. ९ का गोली, चौलाखर्क र भाकान्जी तथा इलाका नं. २ का राम्चे, खुमजुङ, सोताङ र बुङ्छेस्कान गाविसमा धेरै क्षति पुगेको छ । जिल्लालाई सङ्कटग्रस्त घोषणा गरी राहत तथा पुनर्स्थापनाका कार्य गर्न ।

२. सरकारले सङ्कटग्रस्त घोषणा गरेबाहेक

- लमजुङ जिल्लाका बाचोक, कुल्की, इलमपोखरी, दूधपोखरी र बिचौर गाविस
- भोजपुर जिल्लाका दोभाने, खातम्मा, चौकीडाँडी, कुदाककाउले र कुलुङ गाविस
- खोटाङका लामीडाँडा, नुनथला, खार्पा, कुभिण्डे, सुङ्देल, सल्ले, मङ्गलटार, सुन्तले, देवीस्थान र जलेश्वरीलगायतका गाविसलाई सङ्कग्रस्त घोषणा गरी राहत तथा पुनर्स्थापनाका कार्य सुरु गर्न ।

३. राहत तथा पुनर्स्थापनामा अहोरात्र खटिएका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीलाई दिइँदै आएको दैनिक भत्ता १ सय २० रुपियाँले बिहान बेलुकाको छाक टार्न समस्या पर्ने देखिएकाले समयानुकूल बृद्धि गर्न ।

४. जिल्लामा राहत तथा पुनर्स्थापनामा प्रयोग हुने सवारी साधनका लागि आवश्यक तेल खर्च तथा अन्य प्रशासनिक खर्चका लागि सरकारले बजेट उपलब्ध नगराउँदा पुनर्स्थापना तथा उद्धारका कार्यमा कठिनाइ भएकाले जिल्ला दैवी प्रकोप उद्धार समितिलाई आवश्यक बजेटको व्यवस्था गर्न ।

५. राहत र अन्य सहयोग वितरण: सरकारी लाइन एजेन्सी र स्थानीय गैरसरकारी संस्था तथा पीडितलाई समेत संलग्न गराई गाविसस्तरीय प्राकृतिक प्रकोप उद्धार समिति गठन गर्ने ।

**थप जानकारीका लागि**

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौं
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np वेबसाइट: www.insec.org.np, www.inseconline.org

प्रतिक्रियाका लागि: http://www.inseconline.org/index.php?type=feedback&lang=en